REGIONAL NEWS

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS

18:40hrs 05.09.2026

<u>सिक्किमका मुख्यमन्त्री र राज्यपालले आज शिक्षक दिवसको शुभकामना व्यक्त गरेका छन्</u>

मुख्यमन्त्री प्रेम सिंह तामाङ र राज्यपाल ओमप्रकाश माथुरले आज शिक्षक दिवसको अवसरमा सिक्किमका समर्पित शिक्षक समुदायप्रति विशेष आभार व्यक्त गर्दै उनीहरूलाई हार्दिक शुभकामना व्यक्त गर्नु भएको छ। आज डा. सर्वपल्ली राधाकृष्णनलाई उहाँको जन्मजयन्तीमा शरद्धाञ्जली अर्पण गर्दै, श्री तामाङले सिक्किमका जनतालाई शिक्षकहरूको निस्वार्थ योगदानलाई स्वीकार गर्न र मनाउन साथै हाम्रो जीवनमा उनीहरूको स्थायी प्रभावको लागि कृतज्ञता व्यक्त गर्न भन्नुभएको छ। राज्यपाल माथुरले सिक्किमका जनतालाई आफ्नो सन्देशमा राष्ट्रिय शिक्षक पुरस्कार र राज्य शिक्षक पुरस्कारबाट सम्मानित सबै मेहनती शिक्षकहरूलाई बधाई दिनु भएको छ।

<u>सिक्किमकी सुष्मा तामाङलाई राष्ट्रिय शिक्षक पुरस्कार 2026 प्रदान गरियो</u>

भारतकी राष्ट्रपति द्रौपदी मुर्मुले आज नयाँ दिल्लीको विज्ञान भवनमा 48 विद्यालय शिक्षक, 21 उच्च शिक्षा संकाय र सीप विकास तथा उद्यमशीलता मन्त्रालयका 13 प्रशिक्षकहरु सहित 82 शिक्षकहरूलाई राष्ट्रिय शिक्षक पुरस्कार 2026 प्रदान गर्नुभयो। सिक्किमकी शिक्षिका सुष्मा तामाङ सम्मानित मध्ये एक बनेकी छिन्। उनि पाकिम जिल्लाको डिक्लिङ गाउँमा रहेको पीएम श्री सरकारी वरिष्ठ माध्यमिक विद्यालयमा रसायन विज्ञानकी स्नातकोत्तर शिक्षिकाको रूपमा काम गर्छिन् । उनले सिक्किमको अन्तिम माइलमा रहेका बालबालिकाहरूको लागि काम गर्ने आफ्नो आकांक्षा साझा गरिन्। सुश्री तामाङले समग्र शिक्षा र राष्ट्रिय शिक्षा योजना 2020 प्रस्तुत गरेकोमा भारत सरकारको प्रशंसा गरिन्, जसद्वारा विद्यार्थीहरूलाई कक्षाकोठामा सूचना तथा सञ्चार प्रविधिसँग परिचित गराइएको थियो। उनले थप भनिन्, राष्ट्रिय शिक्षक पुरस्कारले वास्तवमा सिक्किममा विद्यालय शिक्षाको क्षेत्रमा थप योगदान पुऱ्याउन र आफ्ना विद्यार्थीहरूलाई विकसित भारत निर्माण गर्न सहयोग पुर्याउनुमा मद्दत गर्नेछ।

## सिक्किमले राष्ट्रिय शिक्षक पुरस्कार 2026 मनाउँदै

सिक्किमले आज मननं केन्द्र गान्तोकमा डा. सर्वपल्ली राधाकृष्णनको जन्मजयन्ती राष्ट्रिय शिक्षक दिवस 2026 को रुपमा मनायो।

मुख्यमन्त्री प्रेम सिंह तामाङ प्रमुख अतिथिको रूपमा समारोहमा उपस्थित हुनुभयो। श्री तामाङले 27 में 2026 मा सिक्किमलाई पूर्ण साक्षर राज्य घोषणा गर्नु हाम्रो शैक्षिक यात्रामा एउटा महत्त्वपूर्ण कोसेढुङ्गा भएको कुरा प्रकाश पार्नुभयो। मुख्यमन्त्रीले सीएम मोडेल स्कूलहरू साथै सीएम साथी जस्ता राज्य सरकारका योजनाहरू मार्फत शिक्षा पारिस्थितिक प्रणालीलाई सुदृढ पार्न सरकारको निरन्तर प्रयासहरूमाथि प्रकाश पार्नुभयो, जसमा नीट र जेईईका आकांक्षीहरूका लागि आईआईटी कानपुरको सहयोग, मिसन लक्ष्य, एस्पायर सिक्किम र मुख्यमन्त्रीको मार्गदर्शन कार्यक्रम समावेश छ। श्री तामाङले राष्ट्रिय शिक्षक पुरस्कार 2026 र सबै १२ राज्य शिक्षक पुरस्कार विजेताहरूलाई जितेकोमा सुष्मा तमाङलाई पनि बधाई दिनुभयो।

## भारतले नेपाललाई बाढीको अवस्थामा सहयोग गर्न प्रतिबद्धता जनाएको छ

नेपाललाई मानवीय सहयोग जारी राख्दै, विदेश मन्त्रालयले भनेकोछ भारतले हालसम्म सातवटा विमानमा लगभग 95 टन राहत सामग्री पठाएको छ, साथै नेपालमा आएको विनाशकारी बाढी पछि उद्धार र राहत प्रयासहरूलाई सहयोग गर्न 54 जना कर्मचारीहरू पठाएको छ।

विदेश मन्त्रालयका प्रवक्ता रणधीर जायसवालले हिजो नयाँ दिल्लीमा द्वि-साप्ताहिक पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै बताए, भारतले नेपाल सरकारले सूचित गरेको आवश्यकताहरूको आधारमा सहयोग दिन जारी राख्दै, आगामी दिनहरूमा थप फोरेन्सिक किटहरु, बेली ब्रिजहरू र अनुरोध गरिएका अन्य सामग्रीहरू पठाउने योजना बनाएको छ।

**सरकारी फल संरक्षण कारखाना सिंगतामले आज एकीकृत स्वास्थ्य शिविर आयोजना गर्यो**

सरकारी फल संरक्षण कारखाना सिंगतामले सिक्किम राज्य एड्स नियन्त्रण समाज अन्तर्गत सिक्किम जिल्ला अस्पताल टोलीसँगको सहकार्यमा आज एकीकृत स्वास्थ्य आयोजना गर्यो। शिविर

शिविरको क्रममा, धेरै आवश्यक स्वास्थ्य जाँच सेवाहरू जस्तै रैन्डम ब्लड सुगर (RBS) परीक्षण, हेमोग्लोबिन परीक्षण, HIV र सिफलिस परीक्षण आदि प्रदान गरियो।